# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| | |
|---|---|
| **आयोगको बैठक संख्याः ७६** | **निर्णय मितिः २०८०/११/१८** |

## निर्णय नं.: ७२

## आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस सम्बन्धमा

१. प्रस्तावित विषयका सम्बन्धमा छलफल जारी रहेकोले अर्को बैठकमा थप छलफल गर्ने।

## निर्णय नं.: ७३

## प्रदेश र स्थानीय सरकारहरुको आर्थिक वर्ष २०८१।८२ को कार्यसम्पादन मूल्यांकनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनको लागि कार्यसम्पादन मूल्यांकनको अन्तिम नतिजा स्वीकृत गरी सूचना प्रकाशन गर्ने सम्बन्धमा

१. आयोगको बैठकमा पेश भएको प्रस्ताव सम्बन्धमा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकनको नतिजामा देहाय बमोजिम परिमार्जन गरी स्वीकृत गर्ने र स्वीकृत अन्तिम नतिजा प्रकाशन गर्ने।

*क. प्रदेश सरकारको सम्बन्धमा*

आर्थिक वर्ष २०८१/८२ का लागि पेश भएको प्रदेश सरकारको नतिजामा शुन्य अंक दिइएको सूचक नम्बर ११ मा आयोगबाट २०७९ फाल्गुण २९ गते गरिएको आर्थिक वर्ष २०८०/८१ को वित्तीय समानीकरण अनुदानको सिफारिसको पाना नम्बर ११ को बुँदा नम्बर ११ मा उल्लेख भए बमोजिम सूचकको पूर्ण अंक प्रदान गरी सो वमोजिमको प्रदेश सरकारहरुको आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्यांकनको अन्तिम नतिजा संलग्न अनुसूची-१ बमोजिम स्वीकृत गर्ने।

*ख. स्थानीय सरकारको सम्बन्धमा*

आर्थिक वर्ष २०८१/८२ का लागि पेश भएको स्थानीय सरकारको नतिजामा शुन्य अंक दिइएको सूचक नम्बर ३, ६ र १७ मा आयोगबाट २०७९ फाल्गुण २९ गते गरिएको आर्थिक वर्ष २०८०/८१ को वित्तीय समानीकरण अनुदानको सिफारिसको पाना नम्बर १२ को बुँदा नम्बर ३, पाना नम्बर १३ को बुँदा नम्बर ६ र पाना नम्बर १५ को बुँदा नम्बर १७ मा उल्लेख भए बमोजिम सूचकको पूर्ण अंक प्रदान गरी सो वमोजिमको स्थानीय सरकारहरुको आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्यांकनको अन्तिम नतिजा संलग्न अनुसूची - २ बमोजिम स्वीकृत गर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## निर्णय नं.: ७४

## आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरुलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण र सिफारिस सम्बन्धमा

१. मिति २०८०/११/१४ गते आयोगका अध्यक्षज्यूको संयोजकत्वमा भएको छलफलले गरेका आ.व. २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरुमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको गणनामा लिइने आधार, भार र विधि सम्बन्धी निर्णयहरुलाई स्वीकृत गर्ने।

२. वित्तीय समानीकरण अनुदान गणनाका लागि देहायका स्रोतहरुबाट उपलव्ध तथ्यांक प्रयोग गर्ने।

| क्र. सं. | तथ्यांक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | • राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | प्रदेश र स्थानीय तहको क्षेत्रफल (भूगोल) | • अध्ययन कार्यदल (२०७५) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रयोजनका लागि एकिन गरिएको स्थानीय तहहरुको क्षेत्रफल |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय सरकारहरुमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>सडकको घनत्व (सडकमा पहुँच),<br>विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>सूचना प्रविधिको सुविधा (पहुँच),<br>खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>सरसफाइ (शौचालयको उपलब्धता) | • सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)<br>• राष्ट्रिय जनगणना २०७८,<br>• राष्ट्रिय जनगणना २०७८,<br>• राष्ट्रिय जनगणना २०७८,<br>• राष्ट्रिय जनगणना २०७८ |
| ६. | राजस्वको अवस्था | • साविक वमोजिम समान अंक प्रदान गरिएको |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |
| ८. | कार्यसम्पादन मूल्याङ्कन सूचक | • महालेखा परीक्षकको कार्यालय,<br>• अर्थ मन्त्रालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• वन तथा वातावरण मन्त्रालय,<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>• महालेखा नियन्त्रक कार्यालय,<br>• राष्ट्रिय परीक्षा बोर्ड,<br>• प्रदेश तथा स्थानीय सरकारहरु |

३. आ.व. २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश सरकारहरुमा हस्तान्तरणका लागि कुल वित्तीय समानीकरण अनुदानको सीमा रु. ६० अर्बको पच्चीस प्रतिशतले हुने रकम रु. १५ अर्बलाई प्रदेशको जनसंख्या र भूगोलको पचास पचास प्रतिशत भारका आधारमा बाँडफाँट गरी संलग्न अनुसूची १ मा उल्लिखित परिमाणमा प्रदेश सरकारहरुको न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

४. आ.व. २०८१/८२ मा नेपाल सरकारबाट स्थानीय सरकारहरुमा हस्तान्तरणका लागि कुल वित्तीय समानीकरण अनुदानको सीमा रु.८८ अर्बको ३०.३३ प्रतिशतले हुने रकम रु.२६ अर्ब ६८ करोड ५० लाखलाई स्थानीय सरकारको जनसंख्याको आधारमा न्युनतम १० हजार भन्दा कम जनसंख्या भएकालाई कम्तिमा रु.२ करोड ७५ लाख अनुदान पाउने, १० हजार वा सो भन्दा बढी देखि २ लाख भन्दा कम जनसंख्या भएकालाई प्रति १० हजार जनसंख्या वृद्धिमा रु.२५ लाख अनुदानमा वृद्धि गर्ने र अधिकतम २ लाख वा सोभन्दा बढी जनसंख्या भएकालाई एकमुष्ट रु. ७ करोड ७५ लाख अनुदान प्राप्त हुने गरी संलग्न अनुसूची २ मा उल्लिखित परिमाणमा स्थानीय सरकारहरुको न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने ।

५. देहायका सूचक र भार प्रयोग गरी प्रदेश र स्थानीय सरकारहरुको सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको हिस्सा गणना गर्ने।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक असमानता | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था | | १० % |
| | • सडकको घनत्व (सडकमा पहुँच), | ६० % | |
| | • विद्युतको सुविधा (विद्युतमा पहुँच), | १० % | |
| | • सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), | १० % | |
| | • खानेपानीको सुविधा (खानेपानीमा पहुँच), | १० % | |
| | • सरसफाइ (शौचालयको उपलब्धता) | १० % | |
| ४. | राजस्वको अवस्था | | ५ % |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० % |
| **जम्मा** | | | **१०० %** |

६. आ.व. २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश सरकारहरुमा हस्तान्तरण हुने सुत्रमा आधारित वित्तीय समानीकरण अनुदान माथिको निर्णय नम्बर ५ बमोजिम गणना गरी संलग्न अनुसूची १ मा उल्लिखित परिमाणमा निर्धारण गर्ने।

७. स्थानीय सरकारहरुलाई संविधान र कानून बमोजिमका न्यूनतम कार्यजिम्मेवारी पूरा गर्न सक्ने गरी न्यूनतम र सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको योगफल कम्तिमा रु.६ करोड ५० लाख रहने गरी सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने र सो क्रममा न्यून हुने रकम परिपूर्तिका लागि महानगरपालिकाहरुको सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको हिस्साबाट आवश्यक रकम अनुपातिक रुपमा कटौती गर्ने।

८. माथिको निर्णय नम्बर ३ र ४ मा निर्धारित न्यूनतम वित्तीय समानीकरण अनुदान र निर्णय नम्बर ५ बमोजिम गणना भएको सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको योगफल रु.६ करोड ५० लाख वा सो भन्दा अधिक देखिएका ७१७ स्थानीय सरकारहरुको हकमा निर्णय नम्बर ५ को गणना बमोजिम हुने गरी र रु.६ करोड ५० लाख भन्दा कम देखिएका ३६ स्थानीय सरकारहरुको हकमा कम्तिमा रु.६ करोड ५० लाख योगफल हुने गरी संलग्न अनुसूची २ बमोजिम आ.व. २०८१/८२ मा नेपाल सरकारबाट स्थानीय सरकारहरुमा हस्तान्तरणका लागि सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

९. आ.व. २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश सरकारहरुमा हस्तान्तरणका लागि कुल वित्तीय समानीकरण अनुदानको सीमा रु. ६० अर्बको ४ प्रतिशतले हुने रकम रु.२ अर्ब ४० करोडलाई आयोगको प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ बमोजिमको कार्यसम्पादन मूल्यांकनको आयोगबाट स्वीकृत अन्तिम नतिजाका आधारमा गणना गरी संलग्न अनुसूची १ अनुसार प्रदेश सरकारहरुको कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

१०.आ.व. २०८१/८२ मा नेपाल सरकारबाट स्थानीय सरकारहरुमा हस्तान्तरणका लागि कुल वित्तीय समानीकरण अनुदानको सीमा रु. ८८ अर्बको ४ प्रतिशतले हुने रु.३ अर्ब ५२ करोडलाई आयोगको प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ बमोजिमको कार्यसम्पादन मूल्यांकनको आयोगबाट स्वीकृत अन्तिम नतिजाका आधारमा संलग्न अनुसूची २ अनुसार स्थानीय सरकारहरुको कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

११.आ.व. २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरुमा हस्तान्तरणका लागि निर्धारण भएको वित्तीय समानीकरण अनुदानको परिमाण संलग्न स्वीकृत ढाँचामा नेपाल सरकारलाई सिफारिस गर्ने र सोका लागि नेपाल सरकार अर्थ मन्त्रालयमार्फत नेपाल सरकारमा लेखी पठाउने।

## निर्णय नं.: ७५

## आयोगको बैठकका निर्णय सार्वजनिक गरी सूचना उपलब्ध गराउने सम्बन्धी

१. आयोगको बैठकबाट हुने सबै निर्णयहरू आयोगको वेबसाइट www.nnrfc.gov.np मा PDF फर्म्याटमा प्रकाशन गर्ने।

२. आयोगको बैठकबाट मिति २०७९/११/२८, २०७९/१२/२९, २०८०/३/२२, २०८०/५/२२, २०८०/५/२४, २०८०/१०/०३ मा भए गरेका निर्णयहरू आयोगको वेबसाइट www.nnrfc.gov.np मा प्रकाशन गरी बैठकका सो निर्णयहरूको सूचना दिने।

३. आयोगको निर्णय प्रकाशनको ढाँचा निम्नानुसार हुने।

| |
|---|
| शीर्षक: |
| आयोगको बैठक संख्या: |
| निर्णय मिति: |
| निर्णय नः |
| निर्णयहरू: |

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग